माडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घर्तीगाउँ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्ड : ७ संख्याः ७ मितिः २०८०/१२/०५

भाग-२

कार्यपालिकाबाट स्वीकृत मितिः२०८०/११/२६

# जलश्रोत उपयोग तथा सरसफाई ब्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावनाः-**

माडी गाउँपालिका भित्रको भू-सतहमा वा भूमिगत वा अन्य कुनै अवश्थामा रहेको जलस्रोतको समुचित उपयोग, ब्यवस्थापन र विकास गर्न एंव जलस्रोतको लाभदायक उपयोगहरुको निर्धारण गर्ने, त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानिकारक प्रभावको रोकथाम गर्ने एंव जलस्रोतलाई प्रदुषणमुक्त राखी समुचित प्रयोग गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६(१)अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ को (ध) र (प) ले दिएको अधिकार प्रयोग गरी माडी गाउँपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## अनुच्छेद-१

## प्रारम्भिकः

**१.संक्षिप्त नाम र प्रारम्भः** (१)यो कार्यविधिको नाम " माडी गाउँपालिका जलस्रोत उपयोग तथा ब्यवस्थापन सम्बन्धी कार्यविधि,२०८०" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "**जलस्रोत** " भन्नाले यस गाउँपालिका भित्रको भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानीलाई सम्झनु पर्छ ।

ख. "**लाभदायक उपयोग** " भन्नाले उपलब्ध साधन र स्रोतले भ्याएसम्म समुचित रुपले गरिएको जलस्रोतको उपयोगलाई सम्झनु पर्छ ।

ग. "**अनुमति प्राप्त ब्यक्ति वा समिति** " भन्नाले जलस्रोतको उपयोग गर्ने दफा ७ बमोजिम अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थालाई सम्झनु पर्छ ।

घ. "**उपभोक्ता संस्था** " भन्नाले दफा ५ बमोजिम गठित जलस्रोत उपभोक्ता उर्जा, खानेपानी तथा सरसफाई उपभोक्ता संस्थालाई सम्झनु पर्छ ।

ङ. "**गाउँ जलस्रोत समिति** " भन्नाले दफा ९ बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

च. "**अनुमति पत्र** " भन्नाले दफा १५ बमोजिम दिईने अनुमति पत्रलाई सम्झनु पर्छ ।

छ. " **सर्वेक्षण** " भन्नाले जलस्रोत उपयोगको लागि गरिने विस्तृत सम्भाव्यता अध्ययन, प्रारम्भिक तथा संक्षिप्त वातावरणीय परीक्षण, वातावरणीय प्रभाव मूल्याङ्कन, डिजाईन र त्यसका लागि गरिने अन्वेषण सम्बन्धी कार्यलाई सम्झनु पर्छ ।

ज. "**उपभोक्ता**" भन्नाले सम्बन्धित सेवा प्रयोग तथा उपयोग गर्ने व्यक्तिलाई सम्झनु पर्छ ।

झ. "**सेवा शुल्क**" भन्नाले गाउँपालिका वा अधिकार प्राप्त व्यक्ति वा समितिले उपलब्ध गराएको जलस्रोतसंग सम्बन्धित सेवा उपयोग गरे वापत उपभोक्ताले बुझाउनु पर्ने शुल्कलाई सम्झनु पर्छ ।

ञ. "**गाउँपालिका**" भन्नाले माडी गाउँपालिकालाई सम्झनु पर्छ ।

ट. "**कार्यपालिका** " भन्नाले माडी गाउँ-कार्यपालिकालाई सम्झनु पर्छ ।

ठ. "**कार्यविधि**" भन्नाले माडी गाउँपालिकाको जलस्रोत उपयोग तथा सरसफाई व्यवस्थापन सम्बन्धी कार्यविधि २०८० लाई सम्झनु पर्छ ।

ड. "**अध्यक्ष**" भन्नाले माडी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

ढ. "**उपाध्यक्ष**" भन्नाले माडी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

ण. " **प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले माडी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## जलस्रोत स्वामित्व, उपयोग र गठन

३. **जलस्रोतको स्वामित्वः** गाउँपालिका भित्र रहेको जलस्रोतको स्वामित्व गाउँपालिकामा निहित रहनेछ ।

४. **जलस्रोतको उपयोगः** यस कार्यविधि बमोजिम अनुमति प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न पाउने छैन ।

५.**जलस्रोत समितिको गठनः** (१) सामूहिक लाभका लागि समितिगत रुपमा जलस्रोतको उपयोग गर्न चाहने ब्यक्तिहरुले पदाधिकारी तथा सदस्य समेत गरी कम्तिमा सात जना भएको उपभोक्ता संस्था दर्ता गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहने सम्बन्धित उपभोक्ताहरु मध्येबाट कम्तिमा सात जना उपभोक्ताहरुले अनुसूचि १ बमोजिमको ढाचामा उपभोक्ता संस्थाको एक प्रति विधान रु.१००/- को रसिद सहित वडा कार्यालयमा निवेदन दिनुपर्नेछ ।वडा कार्यालयमा पेश भएको निवेदन उपर वडा कार्यालयले ३० दिनको म्याद दिई सूचना जारी गर्नु पर्नेछ ।यसरी सूचना जारी हुँदा कसैको लिखित बिरोध नआएमा वडा समितिले वडा समितिको संस्था दर्ता वा मूल दर्ता गर्न उपयुक्त नदेखेमा सो को स्पष्ट कारण खोली दरखास्तवालालाई दरखास्त पेश गरेको ३० दिन भित्र सम्बन्धित दरखास्तवालालाई सुचना दिनु पर्नेछ । दरखास्त उपयुक्त ठानेमा गाउँपालिकाले दरखास्तवालाबाट अनुसूचि ७ बमोजिकको दस्तुर सहितको विधान एक प्रति वडा समितिको सिफारिस

निर्णय सहित गाउँ जलस्रोत समितिमा पेश गर्नु पर्नेछ ।गाउँ जलस्रोत समितिले आफ्नो सचिवालयमा दर्ता भएका कागजातहरुको अध्ययन गरी आवश्यक ठानेमा ७ दिनको म्याद दिई सूचना टाँस गर्नु पर्नेछ । उल्लेखित म्याद भित्र कसैको लिखित दाबी विरोध नआएको अवश्थामा गाउँ जलस्रोत समितिले पानीको मूल वा समिति दर्ता गर्न सक्नेछ । गाउँ जलस्रोत समितिमा समिति दर्ता शुल्क रु ५००/- र पानीको मूल दर्ता शुल्क रु.१०००/ लाग्नेछ

## परिच्छेद-३

६. **विधानमा खुलाउनु पर्ने विवरणहरुः**(१) दफा ५.२ बमोजिम उपभोक्ता संस्थाको विधानमा देहाएका विवरणहर खुलाउनु पर्नेछः

(क) पुरा नाम र ठेगाना

(ख) उद्देश्य र कार्यक्षेत्र

(ग) सदस्यको लागि योग्यता र सदस्यता शुल्क

(घ) सदस्यको निष्कासन र राजिनामा

(ङ) हकदावी, नामसारी वा हकवालाको मनोनयन

(च) साभारणसभा सम्बन्धी

(छ) संचालक समितिको गठन (निर्वाचन, काम कर्तव्य र अधिकार)

(ज) सञ्चालक पदमा बहाल रहन सक्ने अवश्था

(झ) सञ्चालक समितिको वैठक सम्बन्धी व्यवस्था

(ञ) कोष तथा लेखापरीक्षण

(ट) विधान संशोधन

(ठ) विघटन

(ड) विविध

७. **दर्ता र प्रमाणपत्रः** दफा (५) वमोजिम पर्न आएको दरखास्त उपर गाउँ जलस्रोत समितिल आवश्यक जाचबुझ गरी मूल/ उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त देखेमा गाउँकार्यपालिकाको बैठकमा निर्णयको लागि प्रस्ताव गर्न सक्नेछ । गाउँ कार्यपालिकाबाट निर्णय भएको अवस्थामा गाउँ जलस्रोत समितिले मूल/संस्था दर्ता गरी दर्ता शुल्क वापत लाग्ने अनुसूची-७ मा उल्लेखित शुल्क लिई अनुसूची-२ बमोजिमको ढाचामा उपभोक्ता संस्था दर्ता प्रमाणपत्र दिनेछ । गाउँ जलस्रोत समिति मूल/संस्था दर्ताका सम्बन्धमा थप जानकारीको लागि कार्यक्षेत्र अनुगमन गर्न सक्नेछ

(२) उपदफा (१) वमोजिम कुनै उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त नदेखेमा गाउँ जलस्रोत समितिले सो को स्पष्ट कारण खोली दरखास्तवालालाई दरखास्त पेश गरेको १५ दिन भित्र सूचना दिनु पर्नेछ ।

(३) यो कार्यविधि प्रारम्भ हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भएका उपभोक्त संस्था वा पानीका मूलहरु यसै कार्यविधि बमोजिम दर्ता भएको मानिनेछ ।

(४) यो कार्यविधि कार्यान्वयन हुनु अघि दर्ता तथा नविकरण भए नभएका संस्थका हकमा तत्कालिन अवस्थामा प्रचलित कानून बमोजिम दर्ता तथा नियमित नविकरण हुँदै आएका संस्थाहरुले यो कार्यविधि प्रारम्भ भएको मितिले ६ महिना भित्रमा गाउँ जलस्रोत समितिको

सचिवालयमा सुचिकृत गरी यो कार्यविधि तथा अन्य प्रचलित कानून बमोजिम नविकरण गर्नु पर्नेछ तर कानूनी दायरामा समावेश नभएका मूल तथा संस्थाहरुको हकमा यो कार्यविधिमा भएको व्यस्था अनुसारको प्रकृया पुरा गरी चालु आर्थिक वर्ष भित्र दर्ता तथा नविकरण गर्नुपर्नेछ ।

**८. विधान संसोधनः** उपभोक्ता संस्थाले आफ्नो विधान संशोधन गर्न परेमा विधानको प्रक्रिया पुरा गरी तयार गरिएको विधान संशोधित मस्यौदा गाउँ जलस्रोत समितिमा पेश गर्नु पर्नेछ र समितिले तत् अवश्थामा आवश्यक जाचबुझ गरी विधान संशोधन गर्न स्वीकृत गर्न सक्नेछ । वडा स्तरीय खेलकुद विकास समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वडा स्तरीय खेलकुद कार्यक्रम संचालन गर्ने गराउने ।

**९.गाउँ जलस्रोत समितिको गठनः**(१) गाउँपालिका भित्र रहेको जलस्रोतको उपयोग, व्यवस्थापन तथा नियमन गर्नको लागि माडी गाउँ कार्यपालिकामा एक गाउँ जलस्रोत समिति रहनेछः

(२) गाउँ जलस्रोत समितिमा देहायका अध्यक्ष र सदस्य रहनेछनः

(क) गाउँपालिका अध्यक्ष-अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष- सदस्य

(ग) पूर्वाधार विकास समितिका संयोजक- सदस्य

(घ) आर्थिक विकास समितिका संयोजक-सदस्य

(ङ) वन वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक-सदस्य

(च) जलस्रोत दर्ता गर्ने सम्बन्धित वडाको अध्यक्ष- सदस्य

(छ) प्रमुख प्रशासकीय अधिकृत- सदस्य सचिव

(३) गाउँ जलस्रोत समितिको वैठकमा जलस्रोतसंग सम्बन्धित वा सरोकार राख्ने व्यक्ति वा विज्ञलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(४) गाउँ जलस्रोत समितिका पदाधिकारीहरुले गाउँ कार्यपालिकाको वैठक सरहको वैठक भत्ता लिन सक्नेछन ।

## परिच्छेद-४

## गाउँ जलस्रोत समितिको काम कर्तव्य र अधिकारः

**१०.गाउँ जलस्रोत समितिको काम कर्तव्य र अधिकारः** (१) गाउँ जलस्रोत समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँपालिका भित्र जलस्रोतको उचित उपयोग व्यवस्थापन तथा नियमनको लागि आवश्यक कानूनको तर्जुमा गरी कार्यान्वयन गर्न गाउँपालिकालाई सहजिकरण गर्ने

(ख) जलस्रोत समितिसंग सम्बन्धित दरखास्तहरुलाई सचिवालयमा दर्ता गर्न निर्देशन गर्ने ।

(ग) वडा कार्यालयबाट सिफारिस भई आएका जलस्रोत समितिसंग सम्बन्धित कागजातहरुको अध्ययन गर्ने ।

(घ) जलस्रोतसंग सम्बन्धित दरखास्तहरुको अध्ययन गरी उपयुक्त लागेमा निर्णयको लागि गाउँ कार्यपालिकाको वैठकमा पेश गर्ने ।

(ङ) गाउँ जलस्रोत समितिमा दर्ता हुन आएका दरखास्त बमोजिम कार्यक्षेत्र भए नभएको अध्ययन गर्न उपयुक्त लागेमा कार्यक्षेत्र अध्ययन गर्ने ।

(च) वडा कार्यालयहरु वा उपभोक्ता संस्थाहरुलाई तालिम तथा अभिमुखिकरणको व्यवस्था गर्ने ।

(छ) जलस्रोत तथा समिति दर्ताको व्यवस्थापन सम्बन्धमा वडा समितिहरुलाई निर्देशन तथा मार्ग दर्शन गर्ने र

(ज) गाउँपालिकाबाट निर्णय भएका जलस्रोत तथा समितिहरुलाई प्रमाणपत्र उपलब्ध गराउने ।

(झ) जलस्रोतसंग सम्बन्धित समितिहरुको दर्ता तथा नियमिति नविकरणको लागि आवश्यक व्यवस्था मिलाउने ।

(ञ) गाउँ जलस्रोत समितिमा हुने आर्थिक आय व्ययलाई पारदर्शी बनाउने ।

(ट) गाउँपालिका भित्र जलस्रोत उपयोगको लागि प्रचलित ऐन कानूनको मातहतमा रही गाउँ कार्यपालिकाको निर्णय अनुसार कुनै व्यक्ति वा संस्थालाई अनुमतिपत्र दिन सक्नेछ ।

(२) समितिका पदाधिकारीहरुको कार्यकालः गाउँ जलस्रोत समितिका पदाधिकारीहरुको पदावधी सम्बन्धित पदमा बहाल रहदाँसम्म कायम रहनेछ ।

११.**जलस्रोत समितिको वैठक र कार्यविधिः**(१) समितिको बैठकमा अध्यक्षले तोकेको मिति समय र स्थानमा हुनेछ ।

(२) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा उपध्यक्ष तथा सदस्यहरु मध्येबाट छानेको

व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।वैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ । प्रमाणपत्र प्रमाणित गर्ने जिम्मेवारी गाउँ जलस्रोत समितिका सदस्य सचिवको हुनेछ ।

(३) बैठक सञ्चालन कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१२. जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्रको दरखास्त दिने** (१) जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्र लिन चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची -३ बमोजिमको ढाचामा विस्तृत विवरण खुलाई सम्बन्धित वडाको सिफारिस सहित गाउँ जलस्रोत समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त परेपछि समितिले पेश भएको निवेदन उपर जाचबुझ गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम जाचबुझ गर्दा उपयुक्त देखिएमा समितिले जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्र दिनु पर्नेछ । यसरी अनुमति प्राप्त गरेको व्यक्तिले सर्वेक्षणको काम समाप्त गरेको मितिले तीन दिन भित्र गाउँ जलस्रोत समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**१३. जलस्रोत उपयोग अनुमतिपत्रको लागि दरखास्त दिनेः** (१) जलस्रोतको उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची -४ बमोजिमको ढाचामा प्रतावित परियोजनासंग सम्बन्धित देहायको विवरणहरु खुलाई गाउँ जलस्रोत समिति समक्ष दरखास्त दिनु पर्नेछः

(क) परियोजनाको विस्तृत विवरण

(ख) संभाव्यता विश्लेषण

(ग) वित्तीय व्यवस्था

(घ) घर जग्गाको उपयोग वा प्राप्ती

(ङ) वातावरणीय प्रभाव विश्लेषण

**१४.दरखास्त उपर जाँचबुझः** (१) दफा १२ बमोजिम दरखास्त प्राप्त भएपछि यस कार्यविधि बमोजिम दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुको विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा गाउँ जलस्रोत समितिले जाँचबुझ गर्नु पर्नेछ ।

(२) उपदफा १ बमोजिम जाँचबुझ गर्दा दरखास्तवालाले दरखास्तसाथ पेश गर्नुपर्ने कुनै कागजाग विवरण वा प्रतिवेदन पेश गरेको रहेनछ भने त्यस्तो कागजात विवरण वा प्रतिवेदन पेश गर्न गाउँ जलस्रोत समितिले सम्बन्धित दरखास्तवालालाई मुनासिव माफिकको म्याद तोकी दरखास्त दर्ता भएको मितिले तीस दिन भित्र सो कुराको सूचना दिनु पर्नेछ ।

(३) दफा २ बमोजिम कुनै कागजात विवरण र प्रतिवेदन पेश गर्न गाउँ जलस्रोत समितिले म्याद तोकी सूचना दिएकोमा दस्यले राजिनामा दिएमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउछ सोही मितिलाई दरखास्त परेको मिति मानिनेछ ।

**१५. सार्वजनिक सुचना प्रकाशित गर्नुपर्नेः** (१) दफा १३ बमोजिम जलस्रोत उपयोग अनुमतिपत्रको लागि दरखास्त परेपछि गाउँ जलस्रोत समितिले दफा १४ बमोजिम आवश्यक जाचवुझ गरी तत् सम्बन्धी विवरणहरु खुलाई

सार्वजनिक जानकारीको लागि सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाचबुझ गर्दा दरखास्तवालाले दरखास्त साथ पेश गर्नुपर्ने कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गरेको रहेनछ भने त्यस्तो कागजात , विवरण वा प्रतिवेदन पेश गर्न गाउँ जलस्रोत समितिले सम्बन्धित सम्बन्धित दरखास्तवालालाई मुनासिव माफिकको म्याद तोकी दरखास्त भएको मितिले तीस दिन भित्र सो कुराको सूचना दिनु पर्नेछ ।

(३) दफा २ बमोजिम कुनै कागजात विवरण वा प्रतिवेदन पेश गर्न गाउँ जलस्रोत समितिले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउछ सोही मितिलाई दरखास्त परेको मिति मानिनेछ ।

१६. **अनुमतिपत्र दिनेः** दफा १२ बमोजिम दरखास्त उपर दफा १३ र १४ बमोजिम कार्यविधि पुरा गरी गराई गाउँ जलस्रोत समितिले दरखास्तवालाको माग बमोजिम वा आवश्यक भए संशोधन समेत गरी अनुसूची ६ बमोजिमको ढाँचामा दरखास्तवालालाई जलस्रोतको उपयोग संबन्धी अनुमतिपत्र दिनु पर्नेछ ।

१७. **जलस्रोत माथि अधिकार कायम हुनः** यस कार्यविधि बमोजिम जलस्रोतको उपयोग सम्बन्धी कार्य संचालन गर्न अनुमति प्राप्त व्यक्ति वा संस्थालाई अनुमतिपत्रमा उल्लख भए बमोजिम अनुमतिपत्रमा तोकिएको स्थान र क्षेत्रसम्मको जलस्रोत उपयोग गर्ने अधिकार प्राप्त हुनेछ ।

१८. **नयाँ अनुमतिपत्र लिनेः** (१) कार्यविधि प्रारम्भ हुनु अगावै जलस्रोतको उपयोग गरिरहेको व्यक्ति वा संगठित संस्थाले पनि दफा १२ मा उल्लेखित विवरणहरु खुलाई कार्यविधि प्रारम्भ भएको मितिले १ वर्ष भित्र जलस्रोत उपयोग अनुपतिपत्रको लागि दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा १ बमोजिम पर्न आएको दरखास्त उपर सम्बन्धित गाउँ जलस्रोत समितिले आवश्यक जाचबुझ गरी दरखास्तवालालाई अनुसूची ६ बमोजिमको ढाचामा अनुमति पत्र दिनेछ

(३) यो कार्यविधि प्रारम्भ हुनु भन्दा अगावै तत्कालिन प्रचलित कानून बमोजिम दर्ता भै वा नभई स्थापना भईरहेका संस्थाहरुले पनि यो कार्यविधि प्रारम्भ भएको मितिले छ महिना भित्र यो कार्यविधि बमोजिम सुचिकृत गराउनु पर्नेछ । सुचीकृत दर्ता हुनको लागि गत आ.व सम्मको लेखापरीक्षण प्रतिवेदन र साधारणसभाको निर्णय अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१९.**अनुमतिपत्र दस्तुरः** यो कार्यविधि बमोजिम जलस्रोत उपयोग सम्बन्धी कार्य संचालन गर्न अनुमतिपत्रको लागि दरखास्त दिदा लिदा वा नवीकरण गर्दा अनुसूची ७ मा तोकिए बमोजिमको अनुमतिपत्र दस्तुर बुझाउनु पर्नेछ ।

२०. **अनुमतिपत्र नविकरण गर्नेः** यो कार्यविधि बमोजिम जलस्रोतको सर्वेक्षण वा उपयोगको लागि अनुमतिपत्रम उल्लेखित समयावधि समाप्त हुनु अगाबै अर्को अवधिको लागि अनुमतिपत्र नविकरण गर्नु पर्नेछ ।

(२) प्रत्येक अनुमतिपत्र नविकरण गराउँदा गत आ. व सम्मको लेखापरीक्षण प्रतिवेदन र साधारणसभाको निर्णय अनिवार्य रुपले पेश गर्नुपर्नेछ ।

**२१. अनुमति पत्र विक्री वा हस्तान्तरण गर्न स्वीकृत लिनुपर्नेः** (१) अनुमति प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र विक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा गाउँ जलस्रोत समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफ (१) बमोजिम प्रास भएको निवेदन उपर गाउँ जलश्रोत समितिले आवश्यक जांचबुझ गरी दरिखास्तवालाको नाउँमा रहेको अनुमतिपत्र अन्य व्यक्ति वा संगठित संस्थाको नाउँमा बिक्रि गर्न वा अन्य कुनै प्रकारले हस्तान्तरण गर्न स्वीकूति दिन सक्नेछ ।

**२२ वार्षिक शुल्कः** अनुमतिपत्र प्रास व्वक्तिले जलश्रोतको उपयोग गरी अन्य व्यक्तिहरुलाई व्यापारिक प्रयोगजनको लागि जनश्रोत गराए वापत गाउँपालिकालाई बुझउनु पर्ने वार्षिक शुल्क अनसचि-७ मा उल्लेख गरे बमोजिम हुनेछ ।

**२३. उपभोक्ता संस्थाको सम्पत्ति** (१) उपभोक्ता संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध समितिको कुनै सम्पतिदुरुपयोग कब्जा गरेमा रोक्काः राखेमा गाउँपालिकाले त्यस्तो सम्पति दरुपयोग गर्ने, कब्जा वा रोक्का राखेबाट लिई उपभोक्ता समिति / समितिलाई फिर्ता बुझईदिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उपभोक्ता समिति /समितिको सम्पतिफर्ता नर्ने गरी गाउँपालिकाले गरेको कारबाहीमा

चित नबुझने व्यक्तिले सम्वन्धित अदालतमा उजुर गर्न सक्नेछ ।

(३) उपभोक्ता संस्था /संस्थाको सदस्य वा कर्मचारी लगायत कनै व्यक्तिले उपभोक्ता संस्था /संस्थाको सम्पति वा लिखत वा प्रतिष्ठा बिरुद्ध कुनै अपराध वा विराम गरेमा उपभोक्ता संस्था संस्थाको कुनै सदस्य उपर प्रचलित कानून बमोजिम गाउँपालिकाले कारवाही चलाउन सक्नेछ ।

२४ **उपभोक्ता संस्थाका उद्देश्यहरुमा हेरफेरः** (१) उपभोक्ता संस्था /संस्थाको उद्देश्यहरुमा हेफेर गर्न आवश्यक गाभ्न उचित देखेमा सो उपभोक्ता संस्था / संस्थालाई कुनै अर्को उपभोक्ता संस्था / संस्थामा गाभ्न उचित देखेमा सो उपभोक्ता संस्थाले

तत् सम्वन्धी प्रस्ताव तयार पारी सो प्रस्ताव उपर छलफल गर्न उपभोक्ता संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्ने छ ।

(२) साधारण सभामा कुल सदस्य संस्थाको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ । तर सो प्रस्ताव लागु गर्न गाउँपालिकाको पूर्व स्वीकृत लिनु पर्नेछ ।

२५. **उपभोक्ता समिति वर्गीकरणः** अनुमति प्रास गरी गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको व्यवस्थापनबाट

खानेपानी उपलब्ध गराउने उपभोक्ता सदस्य संख्याको आधारमा अनुसार उपभोक्ता समिति / समितिको वर्गीकरण हुनेछ ।

१. १००१ जना वा सो भन्दा बढी उपभोक्ता सदस्य भएको (क वर्ग)

२. ५०१ देखि १०० जना उपभोक्ता सदस्य भएको (ख वर्ग)

२. ५०० जना सम्म उपभोक्ता सदस्य भएको (ग वर्ग)

२६. **तदर्थ समिति गठन गर्न सकिनेः** यस अधि स्वीकृति प्राय संचालनमा रहेका र नयाँ अनुमति प्राप्त गरी स्थापना हुने उपभोक्ता समितिहरुले तोकिए. बमोजिम ६ महिना भित्र साधारण सभा गरी उपभोक्ता समिति गठन प्रकृया पुरा नगरेमा त्यस्ता तदर्थ समिति वा अवधि पुरा भएका उपभोक्ता समितिहरुलाई विघटन गरी संचालन नियमित गर्न गाउँपालिकाको तर्फबाट सम्वन्धित उपभोक्ता सदस्यहरु मध्येबाट तदर्थ समिति गठन गरी साधारण सभा समेतका आवश्यक प्रकृया काम कारबाही गरी गराई व्यवस्थापन गर्न सकिनेछ ।

२७. **संघ गठन गर्न सकिनेः** दर्ता स्वीकृति गरी पाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरु मध्येबाट संघ गठन गरी सोही संघको सदस्य मानी गाउँस्तरिय खानेपानी तथा सरसफाई उपभोक्ता संघ गरी सोही संघको पत्यक्ष रेखदेख सहयोग समन्वयमा अन्य सम्पूर्ण उपभोक्ता समितिलाई व्यवस्थिथ रुपमा संचालन गरिनेछ ।

२८. **आयव्य विवरण पठाउनु पर्नेः** उपभोक्ता आफ्नो समितिको आयव्यय निवरण लेखा परिक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ग गाउँपालिकामा पठाउन पर्नेछ ।

२९. **आयव्यय विवरण जाँच गर्नेः** (१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा समितिको आयव्यय विवरण आफुले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आयव्यय विवरण जाँच गराए वापत गाँपालिकाले आयव्यय विवरण जाँचबाट देखिने आएको मौजान रकमको तीन प्रतिशनमा नबढाई आफुले निर्धारण गरेको दस्तुर असल गरी लिन सक्नेछ ।

(३) आयव्यय विवरण जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजात वा मागेको प्रश्नको जवाफ दिनु समितीको पदाधिकारी सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) आयव्य विवरण जाचँ गर्ने अधिकृतले गाउँपालिकाले तोकिदिएको म्याद भित्र आयव्य विवरण जाँचको प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नु पर्ने छ र सो प्रतिवेदनको आधारमा समितिको कुनै सम्पति सो समितीको कुनै पदाधिकारी सदस्य वा कर्मचारीले हिनामिना गरेको नोक्सान गरेको वा दुरुपयोग गरेको पाइएमा गाउँपालिकाले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो नोक्सानी असुल गर्न प्रचलित कानुन बमोजिम कारबाही चलाउन सक्नेछ । तर, प्रचलित कानुनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानुन बमोजिम मुद्दा चलाउन सक्नेछ ।

## परिच्छेद-५
## विविध

**३०.निर्देशन दिनेः** गाउँपालिकाले उपभोक्ता समिति/ समिति तथा संगठिन समितिलाई आवश्यक निर्देशन दिने सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित समिति/समितिको कर्तव्य हुनेछ

**३१.दण्ड सजायः** (१) दफा बमोजिम दर्ता नगराई उपभोकक्ता समिती/समिती संचालन गरेमा त्यस्ता समितीका सदस्यहरुलाई गाउँपालिकाले जनही पाँच हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा (२७) बमोजिम हिसाबको विवरण नपठाएमा उपभोक्ता समिती/समिताका सदस्यहरुलाई गाउँपालिकाले जनही एक हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ । तर,कुनै सदस्यले दफा (२७) उल्लेघंन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोषजनक प्रमाण पेश गरेमा निजलाई सजांय गरिने छैन ।

(३) दफा (२८) को उपदफा (३) बमोजिम आव्यय विवरण जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्र वा साधेको प्रश्नको जफाव नदिने सम्बन्धित पदाधिकारी,सदस्य वा कर्मचारीलाई गाउँपालिकाले पाँच हजार रुपैंयासम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा (२३) बमोजिम गाउँपालिकाको स्विकृति नलिई उपभोक्ता समिती/समितीको उद्बेश्यमा हेरफेर गरेमा वा अर्को समितीसँग गाभेमा वा समितीले आफ्नो उद्बेश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो समितीको दर्ता निलम्बन गर्न बा खारेजी प्रकृयाको लागी जलश्रोत समितीमा पेश गर्न सक्नेछ ।

३२.**पुनरावेदनः** दफा (३०) बमोजिम गाउँ जलश्रोत समितिले गरेको अन्तिम निर्णय उपर पैतिस दिन भित्र सम्वन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्ने छ ।

३३. **उपभोक्ता समिति / समितिको विघटन वा त्यस्को परिणामः** १) उपभोक्ता समिति/समितिको बिधान/ बमोजिम कार्य संचालन गर्न नसकी वा अन्य कुनै कारणवश समिति विघटन भएमा त्यस्ता उपभोक्ता समिति / समितिको सम्पुर्ण जायजेथा गाउँपालिकामा सर्नेछ ।

(२) दपदफा (१) बमोजिम विघटन भएको उपभोक्ता समिति/समितिको दायित्वको हकमा सो उपभोक्ता समिति/समितिको जायजेथाले भ्याएसम्म त्यस्तो दायित्व गाउँपालिकले व्यहोर्नेध ।

३४.**नियम बनाउने अधिकारः** यस कार्यविधिको उद्बेश्य कार्यान्वय गर्न गाउँपालिकाले नियम बनाउन सक्नेछ ।

**३५.उपभोक्ता समितिको स्वतः विघटनः** समितिले आफ्नो विधान अनुसारको तोकिएको समयावधि भित्रमा नयाँ कार्यसमिति चयन हुन नसकेमा उक्त कार्यसमितिको स्वत विघटन भएको मानी अर्को कार्यसमिति चयन नभएसम्म उपभोक्ता समिता/समिति सन्चालनको जिम्मेवारी गाउँपालिकाले वडा समितिलाई दिन वा आँफै लिन सक्नेछ ।

**३६.गाउँपालिकाले निर्देशन दिन सक्नेः** गाउँपालिकाले जलश्रेत उपयोग सम्बन्धमा गाँउ जलश्रेत समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु गाउँ जलश्रेत समितिको कर्तव्य हुनेछ ।

**३७.खारेजी वा बचाउः** (१)संघ तथा गण्डकी प्रदेशबाट जलश्रोत सम्बन्धी नियमवाली तथा कार्यविधि निर्माण तथा निर्देशन भएमा सोही बमोजिम हुनेछ ।

(२)जलश्रोत तथा मुहान दर्ता कार्यविधि लागु हुनु पूर्व जलश्रोत ऐन,२०४९ अन्तरगत दर्ता भएका समिति यसै कार्यविधि बमोजिम दर्ता भए सरह मानिनेछ ।

(३) यस कार्यविधिमा उल्लेखित विषर्यबस्तुहरु प्रचलित ऐन नियमसँग बाझिएमा उक्त दफा स्वतः खोरेज भई प्रचलित ऐन नियम अनुसार हुनेछ ।

**३८. अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेः** गाउँपालिकाले स्थानीय राजपत्रमा सुचना प्रकाशित गरी

यस कार्यविधिको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर वा धपघट गर्न सक्नेछ ।

## अनुसूची-१

### (दफा ५ को उपदफा (२) संग सम्बन्धित)

श्री वडा अध्यक्ष/अध्यक्ष ज्यू
गाउँ जलस्रोत समिति
माडी गाउँपालिका, रोल्पा।

विषयः जल/सिचाई/खानेपानी तथा सरसफाई/उर्जा मूल/समिति दर्ता र संरक्षणको लागि बारे ।

महोदय,

हामीले..................पानीको मूल/ उपभोक्ता समिति गठन गरी दर्ता गर्न प्रचलित नियम बमोजिम देहायका विवरणहरु खुलाई प्रस्तावित मूल/ उपभोक्ता समितिको एक प्रति विधान र जलस्रोत दर्ता कार्यको लागि निवेदन दस्तुर वापत रसिद नं............बाट रु.................रुपैया दस्तुर सहित दरखास्त दिएका छौ ।

विवरणः
उपभोक्ता समितिको नामः
कार्य क्षेत्र
उद्देश्यहरुः

**उपभोक्ता समितिका पदाधिकारी/ सदस्यहरुको विवरणः**

| सि. नं. | नाम थर | ठेगाना | पेशा | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

उपयोग गरिने जलस्रोतको विवरणः

१. जलस्रोत नाम र रहेको ठाउँ

२. जलस्रोतबाट गरिने प्रयोग

३. उपभोक्ता समितिले उपयोग गर्न चाहेको  जलस्रोतको परिणाम

४. उक्त जलस्रोतको हाल भैरहेको उपयोग

५. उपभोक्ता समितिले पुर्‍याउन चाहेको सेवा सम्बन्धि विवरण

६. सेवाको किसिम

७. सेवा पुर्‍याउने क्षेत्र

८. सेवाबाट लाभावन्तित हुने उपभोक्ताहरुको संख्या

९. भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावना

१०. आर्थिक स्रोतको विवरण

१. केन्द्र/ प्रदेश/स्थानीय सरकार /जि.स.स./ जनसहभागिता

२. कार्यालयको ठेगानाः

निवेदक

**सहिः**

**नाम**

**पद**

## अनुसूची-२

(दफा ७ को उपदफा (२) संग सम्बन्धित)

## गाउँ जलस्रोत समिति

## माडी गाउँपालिका, रोल्पा

## उपभोक्ता संस्था/मूल दर्ता प्रमाण पत्र

**दर्ता नं.** **मिति**

**श्री..............................................**

माडी गाउँपालिका अन्तर्गत जलस्रोत उपयोग एंव व्यवस्थापन सम्बन्धी कार्यविधि २०८० को दफा ७ को उपदफा (१) बमोजिम.....सालको ...............महिना ..............गते यस कार्यालयमा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

१. उपयोग गर्ने जलस्रोतको विवरण
२. सेवाको किसिम चार किल्ला सहित भएको ठाउँ
३. जलस्रोतबाट गरिने प्रयोग
४. जलस्रोतको परिमाण
५. उपभोक्ता संस्थाले पुर्याउन चाहेको सेवा सम्बन्धी विवरण
६. सेवाको किसिम
७. सेवा पुर्याउने क्षेत्र
८. सेवाबाट लाभावन्तित घरपरिवार
९. भविष्यमा सेवा विस्तार गर्न सकिने संभावना

प्रमाणपत्र जारी गर्ने अधिकारी

दस्तखत

नाम थर पद मिति

अनुसूची-४

जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्र

गाउँ जलस्रोत समिति

माडी गाउँपालिका, रोल्पा

उपभोक्ता संस्था/मूल दर्ता प्रमाण पत्र

अनुमतिपत्र संख्या मिति

श्री.......................

..........................

तपाईलाई जलस्रोत उपयोगको सर्वेक्षण गर्न पाउने गरी देहायको विवरण खोली यस जलस्रोत माडी उपयोग तथा ब्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० बमोजिम अनुमतिपत्र प्रदान गरिएको छ ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगाना

२. जलस्रोत सर्वेक्षणको उद्देश्य

३. जलस्रोत सर्वेक्षण गर्ने क्षेत्र

४.अनुमतिपत्र बहाल रहने अवधि

४. जलस्रोत नियमावली २०५० को नियम १२ बमोजिम व्यहोरा ठिक साचो हो ।झुट्टा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

अनुमतिपत्र दिने अधिकारीको

दस्तखत

नाम थर

पद

मिति

अनुसूची-५

(दफा १२  संग सम्बन्धित)

**जलस्रोतको उपयोगको अनुमतिपत्रको लागि दरखास्त फारम**

**श्री अध्यक्ष ज्यू**

**गाउँ जलस्रोत समिति**

**माडी गाउँपालिका, रोल्पा ।**

**विषयः जलस्रोतको उपयोगको अनुमतिपत्र सम्बन्धमा ।**

जलस्रोत उपयोगको निमित्त अनुमतिपत्र पाउन  कार्यविधि २०८० को  दफा   बमोजिम देहायको विवरणहरु समेत खुलाई यो दरखास्त पेश गरेको छु।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगाना

२. उद्देश्य

३. उपयोग गर्न खोजेको जलस्रोतको उपयोग परिमाण

४. प्रतावित जलस्रोत उपयोग गर्ने ठाउँ

५. प्रस्तावित सेवाबाट लाभावन्तित हुने उपभोक्ताहरुको संख्या

६. जलस्रोत उपयोगबाट लाभ पुग्ने ठाँउको क्षेत्रफल

७. जलस्रोत उपयोगको लागि लाग्ने अनुमानित रकम र सो को स्रोत

८. जलस्रोतको हाल भैरहेको र भविष्यमा हुनसक्ने उपयोग

९. अन्य विवरण

माथि उल्लेखित व्यहोरा ठिक साचो हो ।झुट्टा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

दरखास्त दिनेको

दस्तखत	नाम थर	सम्पर्क नं.

पद	मिति

## अनुसूची-६
(दफा १५  संग सम्बन्धित)

### जलस्रोत उपयोगको अनुमतिपत्र

**अनुमतिपत्र संख्या** **मिति**

**श्री...............................................**

तपाईलाई जलस्रोत उपयोगको गर्न पाउने गरी देहायको विवरण खोली यस जलस्रोत उपयोग तथा ब्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० बमोजिम अनुमतिपत्र प्रदान गरिएको छ ।

१.व्यक्ति वा संगठित संस्थाको नाम र ठेगाना

२.जलस्रोत सर्वेक्षणको उद्देश्य

३.उपयोग गर्न खोजेको जलस्रोत नामः

किसिमः रहेको स्थानः

४. उपयोग गर्न पाउने जलस्रोतको परिमाण

५.उपयोग गर्ने क्षेत्र

६.जलस्रोत उपयोग गर्ने तरिका

७.प्रतावित सेवाबाट लाभावन्तित हुने उपभोक्ताहरुको संख्या

८.अनुमतिपत्र बहाल रहने अवधिः

**अनुमतिपत्र दिने अधिकारीको**

**दस्तखत**

**नाम थर**

**पद**

**मिति**

## अनुसूची-७

### जलस्रोत उपयोगको अनुमतिपत्र/नविकरण दस्तुर

| सि.नं. | जलस्रोत उपयोगको किसिम | निवेदन दस्तुर | दर्ता/अनुमति दस्तुर | नविकरण दस्तुर | आश्विन भन्दा पछि थप दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | खानेपानी मुहान दर्ता | रु.१००/ | रु.१०००/ | रु.५००/ | रु.५००/ | |
| २ | सिंचाई | रु.१००/ | रु.२०००/ | रु.१०००/ | रु.१०००/ | |
| ३ | पशु पालन तथा मत्यपालन जस्ता कृषि जन्य उपयोग | रु.१००/ | रु१०००/ | रु.५००/ | रु.५००/ | |
| ४ | घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानी जन्य उपयोग | रु.१००/ | रु.२०००/ | रु.१०००/ | रु.१०००/ | |
| ५ | जल यातायात | रु.१००/ | रु.५०००/ | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | अमोद प्रमोद जन्य उपयोग | रु.१००/ | रु५०००/ | | | |
| ७ | साना जलविद्युत आयोजना | रु.१००/ | रु.५०००/ | | | |
| ८ | अनुमति प्राप्त व्यक्तिले जलस्रोतको उपयोग गरी अन्य व्यक्तिहरुलाई व्यापारिक प्रयोजनको लागि जलस्रोत उपलब्ध गराए वापत | | रु.१००००/ | | | |

**आज्ञाले**

**इश्वरी प्रसाद गौतम**

**प्रमुख प्रशासकीय अधिकृत**